## Sahaj: Call for Roster

सहज, नेपाल सरकार र स्विस सरकार विच सम्पन्न द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित कार्यक्रम हो । यस कार्यक्रम स्विसकन्ट्याक्ट नेपाल र वातावरण तथा कृषि निति अनुसन्धान, प्रसार एवं विकास केन्द्र (सिप्रेड) मार्फत प्रदेश १ मा कार्यान्वयन भइरहेको छ । सहज , उच्च सम्भावनायुक्त तथा समावेशि कृषि क्षेत्रको प्रवर्द्धन गर्दै नेपालको ग्रामीण समुदायमा रोजगारीको अवसर बृद्धि तथा आयआर्जनका क्षेत्रमा काम गर्ने स्विस सरकारको सहयोग भएको कार्यक्रम हो । सहजले प्रदेश १ को समग्र कृषि क्षेत्रलाई नविनतम पहल तथा नयाँ उत्पादन/सेवाहरुको माध्यमबाट; खासगरि मकै, तरकारी, दुग्ध र अलैंची बालीको क्षेत्रलाई अभिप्रेरीत गर्न चाहन्छ । सहज कार्यक्रमले यो सुचना प्रदेश १ मा माथी उल्लेखित चार कृषी छेत्रमा आधारित साना तथा मझौला उद्योग हरुलाई आफ्ना उत्पादन अथवा सेवा प्रवाह गरीरहेका संस्थाहरुको सुची तयार गर्ने उद्देश्यले प्रकाशित गरेको हो। सहजले यसरी सुचिकृत भएका सेवा प्रवाह गर्न सक्षम संस्थाहरुसँग कृषि उद्यमीहरुलाई अझै गुणस्तरीय एवम् नविनतम सेवा प्रवाह गर्नका लागि साझेदारी गर्ने अवसर अन्वेषण गर्नेछ ।

| **कृषि सेवाहरु** | **गैह–कृषि सेवाहरु** |
|---|---|
| • वेयरहाउस (खाद्यान्न भण्डारण) सेवा<br>• शित भण्डारण सेवा<br>बाली उत्पादन उपरान्त (पोष्ट हार्भेष्ट) प्रयोग हुने मेशिन औजार भाडामा दिइने सेवाहरु<br>• कृषि मेशिन/औजार उत्पादक/आयातकर्ता<br>• व्यापार विकास सेवाहरु (प्रशोधन, गुणस्तर कायम, स्वस्थता मापदण्ड, खाद्य प्रविधि, आदि) को क्षेत्रमा साना तथा मध्यम स्तरका उद्यमीलाई तालिम<br>• बजार मुल्य सुचना<br>• प्रशोधित उत्पादनका लागि प्रयोगशाला सेवाहरु<br>• प्रशोधित खाद्य वस्तुका लागि गुणस्तर प्रमाणीकरण | • आईसिटी – सफ्टवेयर विकास, अनलाइन प्लेटफर्म, मोवाइल एप्लीकेशन विकास, इन्फोग्राफिक्स<br>• कृषि उत्पादनका लागि परिवहन (transportation) तथा संशाधन (logistics) सुविधाहरु<br>• प्याकेजिङका लागि आवश्यक सामाग्री उत्पादक<br>• प्याकेजिङ सेवा<br>• ब्राण्डको विकास, बजारीकरण तथा प्रवर्द्धन<br>• बजार अनुसन्धान<br>• साना तथा मध्यम स्तरका उद्यमी का लागि व्यापार विकास सेवाहरु (दर्ता, कानुनी कागजातको तयारी, करसेवा, आदि)<br>• व्यवसाय अंकुरण (इन्क्युवेशन) सम्वन्धि सेवाहरु |

इच्छुक संस्थाहरुलाई निम्न वेबसाइटमा https://forms.gle/MR3gp9nH88YWNTiV8 भएको फारममा १ बैशाख २०७८ भित्रमा आफ्नो विवरण भरि बुझाउनु हुन अनुरोध गरिन्छ । वेबसाइटमा फारम भर्न नमिलेको खण्डमा वेबसाइटमा https://www.swisscontact.org/en/countries/nepal/requests-for-proposal भएको फारम डाउन्लोड गरि आफ्नो विवरण भरि सहजको कार्यालय- शाहिमार्ग, अक्वा पार्क, तीनटोलिया, बिराटनगर- १० मा पनि बुझाउन सकिनेछ । थप जानकारीका लागि ०२१-४१७४२७, ०२१-४१७४२८ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ । *

*सहजले योग्य संस्थाहरुलाई थप छलफलका लागि आफै सम्पर्क गर्ने छ । सम्भाव्य साझेदारहरुको समिक्षा र छनौट कार्य सहजको रणनिति तथा लक्ष्यको आधारमा आन्तरीक रुपमा सम्पन्न गरिने छ ।